'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
नमस्ते कर्णाली
Namaste Karnali National Daily
राष्ट्रिय दैनिक
वर्ष १ | अंक : १८८ | मंगलवार २० फागुन, २०८१ | 04 (Tuesday) March 2025 | पृष्ठ ४, | मूल्य रु : १०।-

### मुख्यमन्त्री कोहलपुर गोल्डकप

# राईनो फुटबल क्लबलाई हराउँदै प्लानिङ व्वाईज युनाइटेड विजयी

■ नमस्ते समचारदाता

कोहलपुर, फागुन/१९

बाँकेको कोहलपुरमा जारी तेस्रो मुख्यमन्त्री कोहलपुर गोल्डकप फुटबल प्रतियोगितामा राईनो फुटबल क्लब, गण्डकीलाई हराउँदै प्लानिङ व्वाईज युनाइटेड क्लब काठमाडौँ विजयी भएको छ । प्रतियोगिताको तेस्रो दिन सोमबार कोहलपुर-२ स्थित तेह्र विगाह खेल मैदानमा भएको खेलमा राईनो फुटबल क्लबलाई २-० गोल अन्तर पराजित गर्दै प्लानिङ व्वाईज युनाइटेड क्लबले सहज जित हासिल गरेको हो । खेलको पहिलो हाफ गोलरहित बराबरीमा सकिएको थियो । दुवै टोलीले गोलका लागि थुप्रै प्रयास गरेपनि सफल हुन सकेनन् । दोस्रो हाफको ४७औँ मिनेटमा गोल गर्दै प्लानिङ व्वाईज युनाइटेड क्लबका जर्सी नम्बर २८ का विदेशी खेलाडी एलेक्सले टिमलाई अग्रता दिलाएका थिए । दोस्रो हाफमा प्लानिङ व्वाईज विपक्षी राईनो फुटबल क्लबमाथि हाबी भएको थियो । खेलको अतिरिक्त समयमा मैदान प्रवेश गरेका प्लानिङ व्वाईजका जर्सी नम्बर १४ का नम्बर सरोज कार्कीले गोल गरेर सहज जित दिलाए । खेलमा प्लानिङ व्वाईज युनाइटेड क्लबका एलेक्स म्यान अफ



द म्याच घोषित भए । उनलाई कोहलपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मान बहादुर गिरी र कोहलपुर नगरपालिका वडा नम्बर १३ का वडाअध्यक्ष डम्बर बहादुर खड्का र कोहलपुर उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष चिन्तामणी धितालले नगद पाँच हजारसहित म्यान अफ म्याच संयुक्त रुपमा प्रदान गरेका थिए । प्रतियोगिताको अन्तिम क्वाटर फाइनल खेल मङ्गलवार दिउँसो ३:३० बजे अफ्रिकन घाना फुटबल क्लब र काँक्रेविहार फुटबल क्लब, सुर्खेतबीच हुने खेल संयोजक कर्ण बस्नेतले बताउनुभएको छ । क्वाटर फाइनल समीकरण सकिएसँगै बुधबारदेखि सेमी फाइनल समीकरण सुरु हुने संयोजक बस्नेतले बताउनुभयो । प्रतियोगिता मर्यादित रुपमा भइरहेको र दैनिक दर्शकहरूको समेत उपस्थिति उल्लेख रहेको उहाँको भनाइ छ । सोमबार गोल्डकपको तेस्रो क्वाटर फाइनल खेल जित्दै प्लानिङ व्वाईज युनाइटेड क्लब सेमिफाइनल प्रवेश गरेको छ । यसअघि आयोजक कोहलपुर रेसिङ साहारा फुटबल क्लब, कोहलपुर र राइजिङ स्टार फुटबल क्लब नवलपरासी सेमिफाइनल प्रवेश गरिसकेका छन् । कोहलपुर रेसिङ साहारा फुटबल क्लबले २-० गोल अन्तरले लुम्बिनी फुटबल क्लब घोराही, दाङ पराजित भएको थियो । आइतबार राइजिङ स्टार फुटबल क्लब नवलपरासीले पेनाल्टी सुटआउटमा ४-३ अन्तरले भारतको साहारा फुटबल क्लब,लखनउलाई पराजित गरेको थियो । २-० गोल अन्तरले पराजित भएको राईनो फुटबल क्लब,गण्डकी, भारतको साहारा फुटबल क्लब र लुम्बिनी फुटबल क्लब घोराही, दाङ प्रतियोगिताबाट बाहिरिएका छन् । कोहलपुर रेसिङ साहारा फुटबल क्लब बाँकेको आयोजनामा फागुन १७ देखि प्रतियोगिता सुरु भएको हो । प्रतियोगितामा घाना र भारतसहित आठ वटा टिमको सहभागिता रहेको छ । प्रतियोगितामा प्रथम हुने टिमले आठ लाख रुपैयाँ र द्वितीय हुने टिमले चार लाख रुपियाँ पुरस्कार पाउनेछन् । तेस्रो मुख्यमन्त्री कोहलपुर गोल्डकप फागुन २४ गतेसम्म हुनेछ ।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवह्वान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई
सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

### निर्माण कम्पनीको मनपरी

# साइटमै नपुग्ने, म्याद थपिरहने

■ नमस्ते समचारदाता

कालीकोट, फागुन/१९



कालीकोटको महावै गाउँपालिका जोड्ने तिला नदीमाथिको पक्की पुल निर्माणको जिम्मा पाएको निर्माण कम्पनीले काम सुरु नै नगरी पटक पटक म्याद थप र भुक्तानी मात्र माग्ने गरेको पाइएको छ । आर्थिक वर्ष २०७७/७८ मा ठेक्का सम्झौता भएको पुल निर्माणको डिजाइन प्रतिवेदनसमेत अझै पूरा नगरेको महादेव खिम्ती निर्माण सेवा प्रालिविरुद्ध महावै गाउँपालिका कानुनी प्रक्रिया गएको छ । काठमाडौँको महाराजगन्जमा रहेको निर्माण कम्पनी निर्माण स्थलमै नआई सङ्घीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय पुल सेक्टर नं. ५ सुर्खेतलाई विभिन्न मितिमा पत्र लेख्दै पुल निर्माणमा विविध समस्या देखाएका कारण काम गर्न नसकिएको भनेर झुटा सूचना दिँदै आएको छ । कहिले अवरोध भएको, कहिले बर्सातले काम गर्न नदिएको जस्ता समस्या देखाउने उक्त कम्पनीले पछिल्लो समय गत माघ १० गते फेरि म्याद थप र भुक्तानी माग गर्दै पत्राचार गरेको छ । सङ्घीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय पुल सेक्टर नं. ५ सुर्खेतले निर्माण कम्पनीको पत्रको जवाफ लेख्दै हालसम्म पुल निर्माण साइटको भौतिक प्रगति कुनै पनि नभएको, यसअघि म्याद थप सम्बन्धमा कुनै निवेदन वा कागजात प्राप्त हुन नआएको, म्याद थपको कुनै फाइल पेस गरेको भए म्याद थप भए/नभएको पनि यस आयोजना कार्यालयलाई कुनै पनि जानकारी प्राप्त नभएकाले तपाईंको माग आकर्षित नहुने भन्दै निर्माण कम्पनीलाई पत्राचार गरेको छ । निर्माण कम्पनीले कहिले जग्गाधनीले काम गर्न नदिएको त कहिले बर्सातले समस्या पारेको लगायतका बहाना गर्दै आएको छ तर पुल निर्माण स्थानमा कुनै पनि अवरोध नभएको लिखित जानकारी महावै गाउँपालिका र स्थानीयले गराएपछि अहिले अर्को बहाना बनाएको गाउँपालिकाको भनाइ छ । महावै गाउँपालिका अध्यक्ष खेमबहादुर सिंहले निर्माण कम्पनीको बदमासीले आफू आजित भइसकेको बताउनुभयो । "कहिले जिल्ला प्रशासन, कहिले पुल महाशाखा, कहिले मन्त्रालय धाउँदै हैरान भइएको छ । महादेव खिम्ती नामको निर्माण कम्पनीले काम अझै सुरु गरेको छैन तर कार्यालयमा भुक्तानी माग्ने, म्याद थप्नेलगायतका काम जारी राखेको छ । यस्तो कम्पनीलाई सधैँका लागि कालो सूचीमा राख्न किन नसकेको होला ?" अध्यक्ष सिंहको भनाइ छ । अध्यक्ष सिंहले यही १५ गते बिहीबार निर्माण कम्पनीलाई पत्र लेखेर काम सुरु अझै नभएकाले कहिले हुने हो ? जानकारी दिन अनुरोध गर्नुभएको छ । उहाँले निर्माण कम्पनीलाई लेखेको पत्रमा भनिएको छ, "निर्माण व्यवसायीको छाता सङ्गठन निर्माण व्यवसायी सङ्घको अध्यक्षको जिम्मेवारबाट (भएको) यस्ता गैरजिम्मेवार कामले सिङ्गो राष्ट्र निर्माणमा गम्भीर धक्का लागेको छ ।" महावै गाउँपालिका जोड्ने तिला नदीको पान्तडीमा चार वर्षसम्म पुल निर्माण कार्यको सुरुवात नभएपछि गाउँपालिका कानुनी प्रक्रियामा गएको हो । आर्थिक वर्ष २०७७/७८ मा ठेक्का भएर २०७७ साल चैतमा ठेक्का सम्झौता भए पनि अहिलेसम्म काम सुरु नभएपछि गाउँपालिका जिल्ला प्रशासन कार्यालय पुगेको हो । पक्की पुल निर्माण गरिसक्ने समय सकिएको पनि २१ महिना बितिसकेको छ तर काम सुरुसम्म भएको छैन । पुल महाशाखा काठमाडौँले ठेक्का लगाएको यो पुल २०७७ साल चैत १२ गते महादेव खिम्ती निर्माण सेवा काठमाडौँले आठ करोड ३९ लाख लागतमा निर्माण सम्झौता गरेको हो । उक्त सम्झौतापत्रमा २०८० असार १२ गते पुल निर्माण गरिसक्ने उल्लेख छ । पुल बनाइसक्ने समय सकिएको २० महिनासम्म पनि पुल बनाउने स्थलसम्म निर्माण कम्पनी पुगेको छैन । पुल सेक्टर नं. ५ सुर्खेतका इन्जिनियर शुभम् वैश्यका अनुसार पुल निर्माणका लागि निर्माण कम्पनीले आफैँ डिजाइन गर्नुपर्ने र उसले समयमा त्यो काम नगरेकाले बन्न ढिलाइ भएको बताउनुभयो । निर्माण कम्पनी महादेव खिम्ती निर्माण सेवा काठमाडौँका सञ्चालक प्रदीप पुडासैनीले पुल निर्माणका विषयमा आफूलाई खासै जानकारी नभएको र अर्को रवि सिंह भन्ने प्रतिनिधिलाई आफूले जिम्मा दिएको जानकारी दिनुभयो । रवि सिंहको मो. ९८५१०३६०१४ मा पटक पटक फोन गर्दा फोन उठ्दैन ।

## मोबाईलको लतबाट बालबालिकालाई बचाऔं


मोबाईलको लतबाटः

- निद्रा ढिलो लाग्ने, पातलो हुने र पटक-पटक ब्युझने समस्या हुनसक्छ,
- मोबाईल देखाएर खाना खुवाउनाले पोषण तथा पाचनप्रणाली सम्बन्धी समस्या आउन सक्छ,
- मोबाईलको लत लागेका बालबालिकामा एकोहोरो हुने, रिसाउने, झर्किने, रुने, दोहोरो कुरा नगर्ने लगायतका समस्या देखिन सक्छन्,
- लामो समय मोबाईल हेर्ने बालबालिकामा निद्रा लाग्ने हार्मोन उत्सर्जनमा समस्या हुन सक्छ,
- मोबाईलले बालबालिकाको मस्तिष्क विकासमा असर पुऱ्याउन सक्छ ।

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद लगाएतका व्याक्तिगत घटनाहरु भएको ३५ दिन भित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
सान्नीत्रिवेणी गाउँपालिका
कालिकोट

# नयाँ युगको बिहानी

**नरेन्द्र मोदी**




पवित्र सहर प्रयागराजमा महाकुम्भ सफलतापूर्वक सम्पन्न भएको छ । यो एकताको भव्य महायज्ञ थियो । जब कुनै राष्ट्रको सचेतना जागृत हुन्छ, जब त्यो शताब्दीऔँ पुरानो अधीनताको मानसिकताको बन्धनबाट मुक्त हुन्छ, तब त्यसले नयाँ ऊर्जाको ताजा हावामा स्वतन्त्र रूपमा सास फेर्छ । यसको परिणाम २०८१ पुस २९ गतेदेखि प्रयागराजमा भएको एकताको महाकुम्भमा देखियो । अयोध्यास्थित राम मन्दिरको प्राण प्रतिष्ठाका क्रममा २०८० माघ ८ गते, मैले देवभक्ति र देशभक्ति- दिव्यशक्ति र राष्ट्रप्रतिको समर्पणको बारेमा कुरा गरेँ । प्रयागराजमा भएको महाकुम्भमा देव तथा देवी, सन्त, महिला, बालबालिका, युवा, ज्येष्ठ नागरिक र जीवनका सबै क्षेत्रका मानिस एकसाथ भेला भएका थिए । हामीले राष्ट्रको जागृत चेतना देख्ने मौका पायौँ । यो एकताको महाकुम्भ थियो, जहाँ यस पवित्र अवसरका लागि १४० करोड भारतीयको भावना एकै ठाउँमा र एकै समयमा सम्मिलित भएको थियो । प्रयागराजको यस पवित्र क्षेत्रमा एकता, सद्भाव र प्रेमको पवित्र भूमि शृङ्गवेरपुर छ जहाँ प्रभु श्रीराम र निषादराजको भेट भएको थियो । उहाँहरूको भेट भक्ति र सद्भावको सङ्गमको प्रतीकको रूपमा मानिएको छ । प्रयागराजले आज पनि हामीलाई उही भावनाले प्रेरित गर्छ । यी ४५ दिनमा मैले देशका कुना कुनाबाट करोडौँ मानिस सङ्गममा आउँदै गरेको देखेँ । सङ्गममा भावनाहरूको लहर उठिरह्यो । प्रत्येक भक्त एउटै उद्देश्यका साथ आएका थिए - सङ्गममा डुबुल्की मार्न । गङ्गा, यमुना र सरस्वतीको पवित्र सङ्गमले प्रत्येक तीर्थयात्रीलाई उत्साह, ऊर्जा र आत्मविश्वासले भरिदियो । प्रयागराजमा आयोजना भएको यो महाकुम्भ आधुनिक व्यवस्थापन पेसेवरहरू, योजना र नीति विज्ञहरूका लागि अध्ययनको विषय हो । संसारमा कतै पनि यस स्तरको समानान्तर वा उदाहरण छैन । प्रयागराजस्थित नदीहरूको सङ्गमस्थलको तटमा करोडौँ मानिस कसरी भेला भए भनेर संसारले आश्चर्यचकित भएर हेर्‍यो । यी मानिसलाई कहिले जाने भन्ने बारेमा न कुनै औपचारिक निमन्त्रणा नै थियो, न त पूर्वसूचना नै थियो । तैपनि करोडौँ मानिस आफ्नै इच्छाले महाकुम्भका लागि निस्किए र पवित्र जलमा डुबुल्की मारी आनन्द महसुस गरे । पवित्र स्नानपछि अपार आनन्द र सन्तुष्टि फैलिएका ती अनुहारहरू म बिर्सन सक्दिनँ । महिला, वृद्धवृद्धा, हाम्रा दिव्याङ्ग दाजुभाइ दिदीबहिनी -सबैले सङ्गम पुग्ने अवसर पाए । भारतका युवाको उल्लेखनीय सहभागिता देखेर मलाई विशेष खुसी लाग्यो । महाकुम्भमा युवा पुस्ताको उपस्थितिले भारतका युवा हाम्रो गौरवशाली संस्कृति र सम्पदाको संरक्षक हुने छन् भन्ने महत्वपूर्ण सन्देश दिन्छ । उनीहरूले यसको संरक्षण गर्ने आफ्नो जिम्मेवारी बुझेका छन् र यसलाई अगाडि बढाउन प्रतिबद्ध रहेका छन् । यस महाकुम्भका लागि प्रयागराजमा आइपुगेका मानिसहरूको संख्याले निःसन्देह नयाँ रेकर्ड बनाएको छ । भौतिक रूपमा उपस्थित भएका बाहेक प्रयागराज पुग्न नसकेका करोडौँ मानिस पनि यस अवसरसँग भावनात्मक रूपमा गहिरो रूपमा जोडिएका थिए । तीर्थयात्रीहरूले फर्कंदा ल्याएको पवित्र जल करोडौँ मानिसका लागि आध्यात्मिक आनन्दको स्रोत बन्यो । महाकुम्भबाट फर्केका धेरैलाई उनीहरूको गाउँमा सम्मानका साथ स्वागत गरियो र समाजले पनि सम्मान गर्‍यो । पछिल्ला केही हप्तामा जे भयो, त्यो अभूतपूर्व रहेको छ र यसले आउने शताब्दीका लागि पनि जग बसालेको छ । प्रयागराजमा कसैले कल्पना गरेभन्दा पनि धेरै भक्तजन आइपुगे । प्रशासनले कुम्भको विगतको अनुभवको आधारमा उपस्थितिको अनुमान गरेको थियो । यस एकताको महाकुम्भमा लगभग संयुक्त राज्य अमेरिकाको दोब्बर जनसंख्याले भाग लिए । आध्यात्मिकताका विद्वान्ले करोडौँ भारतीयहको उत्साहजनक सहभागिताको विश्लेषण गरे भने उनीहरूले थाहा पाउने छन् कि आफ्नो सम्पदामा गर्व गर्ने भारत अब नयाँ ऊर्जाका साथ अगाडि बढिरहेको छ । मलाई विश्वास छ कि यो नयाँ युगको बिहानी हो जसले नयाँ भारतको भविष्य कोर्ने छ । महाकुम्भले हजारौँ वर्षदेखि भारतको राष्ट्रिय चेतनालाई बलियो बनाएको छ । प्रत्येक पूर्णकुम्भमा सन्त, विद्वान् र विचारकको भेला हुने गर्थ्यो, जसले आफ्नो समयमा समाजको अवस्थाको बारेमा विचार-विमर्श गर्थे । उनीहरूको चिन्तनले राष्ट्र र समाजलाई नयाँ दिशा प्रदान गर्थ्यो । प्रत्येक ६ वर्षमा हुने अर्धकुम्भमा यी विचारहरूको समीक्षा गरिन्थ्यो । १४४ वर्षको अवधिमा हुने १२ पूर्णकुम्भपछि, प्रचलित समयसँगै अगाडि बढ्न अप्रचलित परम्परा त्यागिए र नयाँ विचारहरू अँगालिए । १४४ वर्षपछि भएको यस महाकुम्भमा हाम्रा सन्तहरूले भारतको विकास यात्राका लागि फेरि एक पटक हामीलाई नयाँ सन्देश दिएका छन् । त्यो सन्देश हो - विकसित भारत । यस एकताको महाकुम्भमा हरेक तीर्थयात्री, चाहे धनी होस् वा गरिब, युवा होस् वा वृद्ध, गाउँ होस् वा सहर, भारत होस् वा विदेश, पूर्व होस् वा पश्चिम, उत्तर होस् वा दक्षिण, जात, धर्म र विचारधारा जस्तोसुकै भए पनि सबै एकसाथ आए । यो एक भारत श्रेष्ठ भारतको दृष्टिकोणको मूर्त रूप थियो, जसले करोडौँ मानिसमा विश्वास भरेको थियो । अब हामी विकसित भारत निर्माणको लक्ष्यको लागि उही भावनामा एकसाथ आउनु पर्छ । मलाई त्यो घटनाको सम्झना आउँछ जति बेला बालरूप श्रीकृष्णले आफ्नो मुखभित्रको सम्पूर्ण ब्रह्माण्डको झलक आफ्नी आमा यशोदालाई प्रकट गर्नुभएको थियो । त्यसै गरी, यस महाकुम्भमा भारत र विश्वका जनताले भारतको सामूहिक शक्तिको विशाल सम्भावनाको साक्षात्कार गरेका छन् । अब हामीले यो आत्मविश्वासका साथ अगाडि बढ्नु पर्छ र विकसित भारत निर्माणमा आफूलाई समर्पित गर्नु पर्छ । पहिले, भक्ति आन्दोलनका सन्तहरूले भारतभरि हाम्रो सामूहिक सङ्कल्पको शक्ति पहिचान र प्रोत्साहन गरेका थिए । प्रत्येक महान विचारक, स्वामी विवेकानन्ददेखि श्री अरविन्दसम्मले हामीलाई हाम्रो सामूहिक सङ्कल्पको शक्तिको सम्झना गराए । महात्मा गान्धीले पनि स्वतन्त्रता आन्दोलनको क्रममा यसको अनुभव गरेका थिए । स्वतन्त्रतापछि यदि यो सामूहिक शक्तिलाई सही रूपमा पहिचान गरिएको भए र सबैको कल्याणलाई बढावा दिन प्रयोग गरिएको भए, यो नयाँ स्वतन्त्र राष्ट्रका लागि एक महान शक्ति बन्ने थियो । दुर्भाग्यवश, यो पहिले नै गरिएन तर अब, विकसित भारतका लागि जनताको यो सामूहिक शक्ति एकसाथ आएको हेर्न पाउँदा म हर्षित छु । वेददेखि विवेकानन्दसम्म, प्राचीन शास्त्रदेखि आधुनिक उपग्रहसम्म, भारतका महान् परम्पराले यस राष्ट्रलाई आकार दिएका छन् । एक नागरिकका रूपमा म प्रार्थना गर्छु कि हामी हाम्रा पुर्खाहरू र सन्तहरूको सम्झनाबाट नयाँ प्रेरणा लिन सकौँ । यो एकताको महाकुम्भले हामीलाई नयाँ सङ्कल्प लिएर अगाडि बढ्न मद्दत गरोस् । आउनुहोस्, हामी एकतालाई हाम्रो मार्गदर्शक सिद्धान्त बनाऔँ । राष्ट्रको सेवा नै ईश्वरको सेवा हो भन्ने बुझाइका साथ काम गरौँ । काशीमा मेरो चुनावी अभियानको क्रममा मैले भनेको थिएँ, "गङ्गा माताले मलाई बोलाउनुभएको छ ।" यो केवल भावना मात्र थिएन तर हाम्रा पवित्र नदीहरूको स्वच्छताप्रति जिम्मेवारीको आह्वान पनि थियो । प्रयागराजस्थित गङ्गा, यमुना र सरस्वतीको सङ्गममा उभिएर मेरो सङ्कल्प अझ बलियो भयो । हाम्रा नदीहरूको स्वच्छता हाम्रो आफ्नै जीवनसँग गहिरो रूपमा जोडिएको छ । हाम्रा नदीहरू चाहे ठुलो होस् वा सानो, जीवनदाता आमाहरूको रूपमा मनाउनु हाम्रो जिम्मेवारी हो । यो महाकुम्भले हामीलाई हाम्रा नदीहरूको स्वच्छतातर्फ काम गरिरहन प्रेरित गरेको छ । मलाई थाहा छ, यति ठुलो कार्यक्रम आयोजना गर्नु सजिलो काम थिएन । हाम्रो भक्तिमा कुनै कमीकमजोरी भएको खण्डमा म गङ्गा माता, यमुना माता र सरस्वती मातासँग क्षमा माग्छु । मैले जनता जनार्दनलाई दिव्यताको अवतारका रूपमा देखेको छु । हाम्रो सेवामा कुनै कमीकमजोरी भएको भए म जनताबाट पनि क्षमा चाहन्छु । करोडौँ मानिस भक्तिको भावना लिएर महाकुम्भमा आए । उनीहरूको सेवा गर्नु पनि त्यही भक्तिको भावनाले पूरा गरिएको जिम्मेवारी थियो । म गर्वका साथ भन्न सक्छु कि उत्तर प्रदेशको संसद् सदस्यको रूपमा रहनुभएको योगीजीको नेतृत्वमा प्रशासन र जनताले यो एकताको महाकुम्भलाई सफल बनाउन मिलेर काम गरे । चाहे त्यो राज्य होस् वा केन्द्र, त्यहाँ कुनै शासक वा प्रशासक थिएनन्, बरु सबै जना एक समर्पित सेवक थिए । सरसफाइ कर्मचारी, प्रहरी, डुङ्गा चालक, ड्राइभर, खाना खुवाउने मानिसहरू - सबैले अथक परिश्रम गरे । धेरै असुविधाहको बाबजुद पनि प्रयागराजका जनताले खुला हृदयले तीर्थयात्रीलाई स्वागत गर्ने तरिका विशेष प्रेरणादायी थियो । म उनीहरू र उत्तर प्रदेशका जनताप्रति हार्दिक कृतज्ञता र प्रशंसा व्यक्त गर्छु । हाम्रो राष्ट्रको उज्ज्वल भविष्यप्रति मेरो सधैँ अटल विश्वास रहेको छ । यो महाकुम्भको साक्षात्कार हुँदा मेरो विश्वास धेरै गुणा बलियो भएको छ । १४० करोड भारतीयले एकताको महाकुम्भलाई विश्वव्यापी उत्सवमा परिणत गर्ने तरिका साँच्चै अद्भुत छ । हाम्रा जनताको समर्पण, भक्ति र प्रयासबाट प्रभावित भई म चाँडै नै १२ ज्योतिर्लिङ्गमध्ये पहिलो श्री सोमनाथको भ्रमण गर्ने छु र यी सामूहिक राष्ट्रिय प्रयासहको फल उहाँलाई अर्पण गरी प्रत्येक भारतीयका लागि प्रार्थना गर्ने छु । महाकुम्भको भौतिक रूप महाशिवरात्रिमा सफलतापूर्वक समापन भएको हुन सक्छ तर गङ्गाको शाश्वत प्रवाह जस्तै महाकुम्भले जागृत गरेको आध्यात्मिक शक्ति, राष्ट्रिय चेतना र एकताले हामीलाई भावी पुस्तासम्म प्रेरणा दिइरहने छ । लेखक भारतको प्रधानमन्त्री हुनुहुन्छ । *-गोरखापत्र*

## जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौं ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पतिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

रास्कोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
आर.सी.पी. कालीकोट

## जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौं ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पतिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

शुभकालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुकाटिया, कालीकोट

## जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौं ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पतिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

अदानचुली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
श्रीनगर, हुम्ला

# महावीर पुनलाई जसले सुनको गहना सुम्पिइन्

सुमित्रा लुईटेल
काठमाडौं, फागुन/१९





महावीर पुनले सामाजिक सञ्जालमा पोस्ट गरेको एउटा मर्मस्पशी प्रसंग अहिले भाइरल भएको छ । प्रसंग धरानको हो । र, प्रसंग एक सहृदयी महिलाको । यतिबेला महावीर पुन आफ्नो पुस्तक बेच्दै देश दौडाहमा छन् । उनी कहिले पश्चिम त कहिले पूर्वको फन्को लगाइरहेका छन् । पुस्तकको नाम हो, महावीर पुन : सम्झना, सपना र अवीरल यात्रा । उनी यही पुस्तक बोकेर चोक, बजार, गल्लीमा उँभिन्छन् । त्यहाँ मान्छेको भीड लाग्छ । भीड मात्र लाग्दैन, पुस्तक पनि खरिद गर्छन् । यो पुस्तक विक्री गर्दै हिँड्नु महावीर पुनको रहर भन्दा बढी बाध्यता हो भन्ने उनीहरूले बुझेका छन् । त्यसैले राष्ट्रिय आविष्कार केन्द्रका लागि थोरै मात्र भएपनि आफ्नो योगदान पुगोस भन्ने हेतुले पुस्तक खरिद गर्न हतारिएका छन् । त्यससँगै उनको सादगी शैली र स्पष्ट बोलीबचनले मान्छेहरू पग्लिएका छन् । धरानमा पुस्तक विक्री गर्न पुगेका पुन यस्तै सहृदयीहरूले घेरिएका छन् । उनको पुस्तक धमाधम विक्री भइरहेको छ । यसैबीच एक महिलाले आविष्कार केन्द्रको सहयोगार्थ गहना नै दिएकी छिन् । त्यो पनि नाम नखुलाउने र फोटो सार्वजनिक नगर्ने सर्तमा । यसै सन्दर्भमा महावीर पुनले लेखेका छन्, 'आज भेडेटारबाट धरान नझरेर बजारभन्दा अलि बाहिर एउटा टोलमा किताब बेच्न जाँदा एक जना बहिनी दौडदै आएर तल फोटोमा देखाएको सुनको गहना दिइन् । मैले लिन मानिनँ । तर उनले वीरगन्जको कृषि औजार कारखानालाई सहयोग हो दाजु र यो मेरो आफ्नै गहना हो भनेपछि नलिई भएन । मैले उनको घर हेरैं । टिनले छाएको र इट्टाको गारो भएको सानो घर थियो । उनले फोटो खिच्न मानिनन् र नाम उल्लेख नगर्ने भनिन् ।' महावीर पुनको यो पोस्ट धेरैले सेयर गरेका छन् र त्यसमा उत्तिकै कमेन्टहरू पनि छन् । एक व्यक्तिले कमेन्ट गर्दै लेखेका छन् 'सुन पनि सुन भन्दा महंगो हुन सक्ने रहेछ, सायद त्याग, समर्पण हुँदा महंगो र मूल्यवान हुने रहेछ । यो त बेच्ने भन्दा पनि एउटा सुन्दर फ्रेममा सजाएर राख्ने वा लिलामी गर्ने उपहार भयो सर । यो सुनको मूल्य तौल र बजार भाउ मात्र रहेन त्यो चेलीको देशप्रेम, तपाईंको निस्वार्थ लगनशीलताप्रति श्रद्धा सबै मिसाएर यो सुन आफ्नो तौल भन्दा महँगो भएको छ ।' महावीर पुन वैज्ञानिक तथा सामाजिक अभियन्ताका रूपमा परिचित छन् । अमेरिकाको नेब्रास्का विश्वविद्यालयबाट विज्ञानमा स्नातकोत्तर गरेका पुन एसियाको नोबेल पुरस्कार भनेर चिनिने 'रोमन म्यागासेसे अवार्ड' विजेता पनि हुन् । नेपालको विज्ञान र अनुसन्धानमा उल्लेखनीय योगदान गरेको भन्दै नेब्रास्काले उनलाई मानार्थ 'डाक्टर' उपाधिसमेत दिएको छ । देशलाई विकासको गतितिर अग्रसर गराउनेमा उनको विशेष योगदान छ । पुरानो चप्पल, हाफ कट्ठ र प्राय मैलो गञ्जीमा देखिने पुनको साधारण जीवनशैली देखेर धेरै मानिस प्रभावित हुने गर्दछन् । आफूले लेखेको पुस्तक 'महावीर पुन सम्झना, सपना र अविरल यात्रा' बेच्न देशको विभिन्न ठाउँमा यात्रा गरिरहेका छन् । आफ्नो जीवनी पुस्तक बेचेर प्राप्त आम्दानीले वीरगन्जस्थित कृषि औजार कारखानालाई पूर्ण क्षमतामा सञ्चालन गर्ने उनको घोषणा छ । यही उद्देश्यले आफ्नै जीवनीमा आधारित 'महावीर पुन' नामक किताब बेच्न धरान पुग्दा उनलाई ती महिलाले सुनको गहना उपहार दिएकी हुन् ।

# काठेपुल जीर्ण हुँदा आवागमनमा समस्या



नमस्ते समचारदाता
कैलाली, फागुन/१९

कैलालीको भजनी नगरपालिकामा दुई वटा काठेपुल जीर्ण भएपछि स्थानीयलाई आवागमनमा समस्या भएको छ । वडा नम्बर ८ काँढाढिकस्थित गैरी नाला र वडा नम्बर ३ कुसुमघाटस्थित राप्ती नालाको काठेपुल जीर्ण भएपछि स्थानीयलाई ओहोरदोहोर गर्न समस्या भएको हो । दुवै नालामा पक्की पुल नभएपछि काठेपुल बनाएर विभिन्न गाउँका बासिन्दा आउजाउ गर्दै आएका छन् । गैरीनालाको पुल जीर्ण भएपछि काँढाढिकमा रहेको कालिका आधारभूत विद्यालयका विद्यार्थीलाई आउजाउ गर्न निकै समस्या भएको बताइएको छ । नालामा पानी भएको बेला विद्यार्थीलाई साह्रै समस्या हुने गरेको विद्यालयकी शिक्षिका राधा घिमिरेले बताउनुभयो । जिल्लामा सबैभन्दा बढी डुबान हुने भजनी नगरपालिका-८ का बासिन्दाले पक्की पुल नभएका कारण २० वर्षदेखि काठेपुल प्रयोग गर्दै आएका छन् । यसै गरी वडा नम्बर ३ को कुसुमघाटस्थित राप्ती नालामा भने पालिकाले यसै वर्षबाट करिब ४५ लाख रुपियाँमा पुल निर्माणको काम थाल्ने नगर प्रमुखले चौधरीले बताउनुभयो । उहाँले क्रमागत योजना अन्तर्गत दुई वर्षमा पुल निर्माण हुने गरी काम थाल्ने बताउनुभयो ।

## हिमाली गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
धुलाचौर, बाजुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

### बोलपत्र स्विकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८१/११/१९ गते

यस कार्यालयको आ.व. २०८१/०८२ को बोलपत्र आव्हान (ई-बिड) को सूचना अनुसार रितपुर्वक पर्न आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमको बोलपत्रहरुको मूल्यांकित सारभुत रुपमा प्रभावग्राही भई स्विकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ प्रयोजनको लागि सम्बन्धित सबै बोलपत्रदाताहरुलाई जानकारीको लागि यो सूचना द्धारा जानकारी गराइन्छ ।

**तपशिल**

| क्र.स. | ठेक्का नं. | कामको विवरण | छनौट भएको बोलपत्र दाताको नाम | कवोल अंक (भ्याट बाहेक) |
|---|---|---|---|---|
| 1 | HRM/NCB/ WORKS/ 03/2081/82 | Saghuchaur Electrical Structure, Landslide Control and Estuary Construction Work | Budhinanda Nirman Sewa, Himali-07, Bajura | 2698965.99 |

प्रमुख प्रशासकिय अधिकृत

## गाउँपालिका द्वारा जारी सन्देश

१. आफ्नो घर आगन सफा राखौं ।
२. विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
३. बालबालिका लाई विद्यालय पठाऔं काममा नलगाऔं ।
४. हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
५. छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
६. जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
७. आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
८. सभ्य समाजको निमार्णमा सहयोग पुऱ्याऔं ।
९. दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
१०. सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।

ताँजाकोट गाउँपालिका
हुम्ला

नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com 9847246903

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।

ताँजाकोट गाउँपालिका
हुम्ला

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक

जि.प्र.का.बाँके दर्ता नं १६२/०७९/८०
जिल्ला हुलाक नं. २९/०८१-०८२



# मानव अधिकार रक्षकका लागि कानुन

■ नमस्ते समचारदाता

सुर्खेत, फागुन/१९




कर्णालीमा मानव अधिकार रक्षकका लागि छुट्टै कानुन निर्माण गर्न लागिएको छ। पीडितलाई न्याय दिने क्रममा मानव अधिकार रक्षक नै असुरक्षित भएको भन्दै कानुन निर्माण गर्न लागिएको हो। मन्त्रीपरिषद्को बैठकबाट स्वीकृति प्रदान भएसँगै कानुन निर्माणको काम अघि बढ्ने भएको छ। फागुन १३ गतेको कर्णाली प्रदेश मन्त्रीपरिषद्को निर्णयले मानव अधिकार रक्षकको सुरक्षा र संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक तर्जुमा गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरेको छ। सैद्धान्तिक सहमति आएसँगै कानुन निर्माणको काम अघि बढाइने आन्तरिक मामिला तथा कानुन मन्त्रालयले जनाएको छ। स्वीकृति पाएसँगै विधेयकको मसौदा निर्माणको काम अघि बढेको मन्त्रालयका सूचना अधिकारी तुलसी प्रसाद आचार्यले बताउनुभयो। यसअघि मानव अधिकार रक्षक सञ्जाल कर्णाली प्रदेशले ऐनको मसौदा कानुन मन्त्रालयमा पेस गरेको थियो। मन्त्रालयले कानुनको मसौदा तयार गर्ने र यसअघि पेस गरिएको मसौदालाई सुझावका रूपमा अघि बढाइने आचार्यले जानकारी दिनुभयो। आवश्यक कानुन नबन्दा मानव अधिकार रक्षक नै पीडित हुने गरेका छन्। मानव अधिकार रक्षकको सुरक्षा र संरक्षणका लागि प्रदेश सरकारले कानुन निर्माण गर्न लागेको हो। मानव अधिकारको सम्मान, सुरक्षा र परिपूरण गर्ने कार्य राज्यको भएकाले सरकारले रक्षकका लागि कानुन निर्माण गर्ने छ। मानव अधिकार रक्षक सञ्जाल कर्णाली प्रदेश संयोजक पीताम्बर ढकालले अर्काका अधिकारका विषयमा बोल्ने रक्षक नै असुरक्षित भएको महसुस भएपछि कानुनको आवश्यकता देखिएको बताउनुभयो। उहाँले आफूहरूले कानुनको मसौदा मन्त्रालयमा पेस गरिएको र ऐन निर्माणका लागि स्वीकृती पाएसँगै ऐन निर्माणको काम अघि बढ्ने विश्वास व्यक्त गर्नुभयो। असहज स्थितिमा मात्र हैन, मानव अधिकार रक्षक सामान्य अवस्थामा पनि जोखिममा पर्दै गइरहेको अवस्था छ। मानव अधिकार रक्षक समाचार लेखेकै भरमा, कोही कसैको पक्षमा वकालत नगरेको निहुँमा तथा कार्यशैलीलाई लिएर विविध प्रकारका आरोप खेप्न बाध्य छन्। मार्ने धम्कीसमेत आइरहेका छन्। यसरी हेर्दा मानव अधिकार रक्षकमाथिको जोखिम सम्बन्धमा ठ्याक्कै तथ्याङ्क उपलब्ध नभए पनि परिदृश्य र अवस्था विश्लेषण गर्दा उनीहरूले बेहोर्नुपर्ने जोखिममा कमी नआएको देखिन्छ। घटनाका प्रकृति भने बदलिएको अवस्था छ।

**बढ्दै मानव अधिकार उल्लङ्घन**

कर्णाली प्रदेशमा मानव अधिकार उल्लङ्घनका घटनामा वृद्धि भएको पाइएको छ। जसमा महिला र बालबालिका बढी पीडित भएका छन्। अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को प्रतिवेदन अनुसार सन् २०२४ मा कर्णाली प्रदेशभर करिब पाँच सय मानव अधिकार उल्लङ्घनका घटना भएका छन्। इन्सेक कर्णाली प्रदेशका संयोजक नारायण सुवेदीले वर्षभरि मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका ४९९ वटा घटना अभिलेख भएको जानकारी दिनुभयो। पीडित भएकामध्ये मानव अधिकार उल्लङ्घनका घटनामा राज्य पक्षबाट ११ महिला र २९ जना पुरुष गरी ४० जना तथा अन्य पक्षबाट ३८८ महिला र ७१ पुरुष गरी ४९९ जना पीडित भएका छन्। यसै गरी सन् २०२३ मा बाल अधिकारका घटनामा ७६ जना बालिका र दुई जना बालक गरी ७७ जना पीडित भएका छन्। प्रतिवेदन अनुसार सन् २०२२ मा पनि कर्णाली प्रदेशभर पाँच सय मानव अधिकार उल्लङ्घनका घटना भएका थिए। मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका ४९६ वटा घटना अभिलेख गरिएको थियो। पीडित भएकामध्ये मानव अधिकार उल्लङ्घनका घटनामा चार महिला र २९ जना पुरुष गरी ३३ जना तथा ज्यादतीका ३२८ महिला र १३५ पुरुष गरी ४६३ जना पीडित भएका थिए। इन्सेकले १० वटै जिल्लाका प्रहरी कार्यालयमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक केन्द्रको अनुगमनसमेत गरेको थियो। केन्द्रमा दर्ता भएका अधिकांश घटनामा मिलापत्र गरिएको पाइएको इन्सेक कर्णाली प्रदेश संयोजक सुवेदीले जानकारी दिनुभयो। फितलो कानुन र भएकै कानुनको पनि कार्यान्वयन नहुँदा महिलामाथि हुने हिंसाका घटनामा कमी नआएको उहाँको ठम्याइ छ। कारागारभित्र क्षमताभन्दा धेरै कैदी राखिनुले पनि मानव अधिकारको उल्लङ्घन भएको जनाइएको छ। हुम्लामा कारागार नहुँदा कैदी राख्न निकै समस्या भएको छ। हाल हुम्लामा कारागार निर्माणाधीन अवस्थामा रहेको छ। कारागार भवन नहुँदा त्यहाँका १० जना बन्दी र कैदीलाई हिरासतमा राख्ने गरिएको छ। क्षमताभन्दा बढी कैदी बन्दी राखिएका कारण कारागारमा पालो लगाएर सुत्नुपर्ने बाध्यता छ। कर्णाली प्रदेशमा रहेको जिल्ला कारागार को क्षमता ६५० रहेकोमा हाल १९९ कारागारमा आश्रित रहेको इन्सेकको अभिलेखमा उल्लेख गरिएको छ। कर्णाली प्रदेशका कारागारमा आठ जना आश्रित बालबालिका रहेका छन्।

# केपी ओली कप फुटबलमा मछिन्द्रको ह्याट्रिक

■ नमस्ते समचारदाता

काठमाडौं, फागुन/१९





विभागीय टोली त्रिभुवन आर्मी क्लबलाई हराउँदै मछिन्द्र फुटबल क्लबले तेस्रो केपी ओली कप पुरुष फुटबल च्याम्पियनसिपमा ह्याट्रिक गरेको छ। आज भएको फाइनल खेलमा मछिन्द्रले विभागीय टोली त्रिभुवन आर्मी क्लबलाई २-० गोलअन्तरले पराजित गरेको हो। त्रिपुरेश्वर स्थित दशरथ रङ्गशालमा सम्पन्न फाइनल खेलको पहिलो हाफमा १-० गोलको अग्रता लिएको मछिन्द्रले दोस्रो हाफमा थप अर्को गोल गर्दै आर्मीलाई २-० गोलअन्तरले हराउन सफल भयो। जितसँगै मछिन्द्रले रु १५ लाख ११ हजार एक सय ११ तथा उपविजेता आर्मीले रु पाँच लाख पुरस्कार प्राप्त गरेको छ। खेलको पहिलो हाफको २९औँ मिनेटमा एन्ड्रेस नियाको पासमा आर्मीका विमल पाण्डेले आफ्नै पोष्टमा आत्मघाती गोल गर्न पुगेका थिए। योसँगै मछिन्द्रले १-० गोलको अग्रता लिएको थियो। यस्तै दोस्रो हाफमा मछिन्द्रले खेलको ७२औँ मिनेटमा दोस्रो गोल गऱ्यो। मल्लिक युसुफले दिएको पासमा स्टेफन जमाहा जालीले गोल गरेका थिए। यसअघि मच्छिन्द्रले पहिलो खेलमा भुटानको ट्रान्सपोर्ट युनाइटेडलाई १-० गोलले तथा सेमिफाइनलमा आयोजक केपी ओली एफसीलाई ४-० गोल अन्तरले हराएको थियो। यस्तै आर्मीले भने पहिलो खेलमा नेपाल पुलिस क्लबलाई २-० गोलले तथा सेमिफाइनलमा सङ्कटा क्लबलाई २-१ गोल अन्तरले हराएको थियो। मछिन्द्र र आर्मीबीचको फाइनल खेल हेर्न प्रधानमन्त्री केपी शर्मा ओली श्रीमती राधिका शाक्यका साथमा दशरथ रङ्गशाला पुग्नुभएको थियो। फाइनल खेल हेर्न इटालियन फुटबल टोलीका पूर्व कप्तान तथा गोलरक्षक जियानलुइजी बुफोन प्रमुख अतिथिका रुपमा उपस्थित हुनुभएको थियो। रङ्गशाला दर्शकले खचाखच भरिएको थियो। खेल सुरु हुनुअघि कलाकारहरूले साङ्गीतिक प्रस्तुति समेत पस्किएका थिए। राष्ट्रिय युवा सङ्घ नेपालको आयोजनामा केपी ओली कप फुटबल च्याम्पियनसिप यही फागुन ११ गतेदेखि सुरु भएको हो।

# भोलीबाट ताँजाकोटमा एचपिभी खोप अभियान सुरु हुने

■ नमस्ते समचारदाता

हुम्ला, फागुन/१९




दक्षिणी क्षेत्रको ताँजाकोट गाउँपालिकामा फागुन २१ गतेबाट एचपिभी खोप अभियान सुरु हुने भएको छ। गाउँपालिका स्वास्थ्य शाखाले बनाएको खोप कार्यतालिकालाई सोमवार बसेको सरोकारवाला पक्षको बैठकलाई अनुमोदन गरे पछि उक्त मितिबाट खोप अभियान सुरु हुने भएको हो। २१ गतेबाट २३ गतेसम्म पाठेघरको मुखको क्यान्सर बिरुद्धको खोप अभियान सञ्चालन हुने स्वास्थ्य शाखा प्रमुख धनराज ढकालले बताए। सोमबार शाखाको आयोजनामा वसेको सरोकारवाला पक्षको बैठकले सो कार्यतालिकालाई सदर गरेको छ। गाउँपालिकाका बाह्र वटा खोप केन्द्रमा अभियान सञ्चालन हुनेछ। जसमा आठ वटा विद्यालय र चार वटा स्वास्थ्य संस्थाका अभियान सञ्चालन गरिने छ भने छुटफुटका लागि पनि खोप लगाउने ब्यवस्था गरिएको छ। २१ गते हुने खोप अभियानमा जनप्रकाश माबि भैसामाभ्क, धर्मोदय माबि छप्रेला, क्षेत्रपाल आबि कोलिबाडा, रामदेब आ बि रामा, चन्द्र प्रकाशम मा बि गोठेलबाडा, मदना देब माबि मदना र बुद्धि बिकाश आबि सिरुपाटामा हुनेछ। त्यसैगरि फागुन २३ गते हुने खोप अभियान मासपुर आधारभूत स्वास्थ्य एकाई मासपुर, भैसामाभ्क सामुदाय स्वास्थ्य इकाई भैसामाभ्क, मैला स्वास्थ्य चौकी छप्रला, गोठेलबाडा आधारभूत स्वास्थ्य एकाई गाठेदकाठा, मदना स्वास्थ्य चौकी मदनामा हुनेछ। खोप अभियानबाट कक्षा छ देखि दश कक्षामा अध्ययनरत छात्रा र दश वर्षदेखि चौध वर्ष उमेर समुहका विद्यालय बाहिरका किशोरीहरु लावान्भित हुनेछन्। ताँजकोट गाउँपालिकाका १२ खोप केन्द्रबाट ३७८ जना किरोशीलाई पाठेघरको मुखको क्यान्सर विरुद्धको एचपिभी खोप लगाइने लक्ष्य रहेको छ। यसका लागि बाह्र जना स्वास्थ्यकर्मी, बाह्र जना स्वास्थ्य स्वयम सेविका र बाह्र जना स्वयम सेवकले सहयोग गर्नेछन्।

# मासिन थाले उर्वर भूमि

■ नमस्ते समचारदाता

जाजरकोट, फागुन/१९



गाउँबस्तीमा सुविधा पुगेपछि सहरका रूपमा विकास हुँदा उर्वर भूमि मासिन थालेका छन्। गाउँबस्ती सडक सञ्जालसँग जोडिएपछि खेतीयोग्य जमिनमा धमाधम घर बनाउने क्रम बढेको छ। जिल्लाका सात वटै स्थानीय तहमा सडक विस्तार भएपछि खेतीयोग्य जमिन धमाधम मासिन थालेका हुन्। भेरी कोरिडोर अन्तर्गत भेरी नगरपालिका, नलगाड नगरपालिका अन्तर्गत सडक छेउछाउका जमिनमा सर्वसाधारणले घर बनाउँदा खेतीयोग्य जमिन घडेरीमा परिणत भएका छन्। गाउँबस्ती सडक सञ्जालसँग जोडिएपछि श्रम रोजगारी र कृषि पेसाबाट आत्मनिर्भर जनतालाई आयातित खाद्य वस्तुमा निर्भर हुनुपर्ने अवस्था आएको छ। ग्रामीण बस्तीमा मोटर पुगेपछि सेवासुविधा पाउने आशामा पाखोबारी छोडेर खेतीयोग्य जमिन मास्ने क्रम बढ्दै गएको छ। खेतीयोग्य जमिन सहरमा परिणत हुनथालेपछि पछिल्लो समय उर्वर भूमिमा धमाधम घर ठड्याउने क्रम बढ्दै गएपछि मासिन थालेको भेरी नगरपालिका-१३ का ध्रुवप्रसाद शर्माले बताउनुभयो। गहुँ, मुसुरो, चना, तोरी, धान, मकै तथा तरकारी प्रशस्त उत्पादन हुने फाँटमा यत्रतत्र घर बनेका छन्। केही वर्षअघि खनजोत गरी अन्नबाली लगाउने बारीमा घर ठडिँदै गएपछि धनियाँ, लसुन रोप्ने ठाउँसमेत नरहने सम्भावना उहाँले बताउनुभयो। जनतालाई खेतबारीमा मल, बिउ लिन सजिलो बनाउन खनिएका सडक छेउछाउका जमिनमा धमाधम घर बन्न थालेपछि बुढापाका चिन्तित भएका छन्। स्थानीय तहले खेतीयोग्य जमिनमा घर बनाउन नदिने नीति ल्याउनुपर्ने उनीहरूको भनाइ छ। भौगोलिक विकटताका कारण उत्पादन निकै कम हुने गाउँबस्तीमा सडक पुगेपछि अन्नबाली लगाउने जमिनको छेउछाउमै मोटर गुडिरहेका छन्। पाखोबारीमा घर बनाएर कृषि पेसा गरी जीविकोपार्जन गर्दैआएका जनता सुविधाका लागि सडकमा झर्न थालेपछि उर्वर जमिन मासिन थालेको हो। भेरी नगर पालिका-११ का नारायणप्रसाद शर्माका अनुसार पछिल्लो समय उत्पादन हुने जमिनलाई घडेरीका रूपमा लिने र कृषि पेसाप्रति बेवास्था गर्दै गएपछि समस्या बढ्न थालेको छ। सरकारले नीति निर्माण गरेर खेतीयोग्य जमिन घडेरीमा प्रयोग गर्न नपाउने व्यवस्था माग गर्नुभयो।


सूचना। सूचना ।। सूचना ।।।

धार्मिक, साँस्कृतिक, असीम आध्यात्मिक, अतुलनीय पुरातात्विक स्मारकहरुयुक्त आराध्यदेव भगवान श्रीपशुपतिनाथको दिव्य निवासस्थल, गुह्येश्वरी, वच्छला, भुवनेश्वरी आदि देवीहरुको क्रिडास्थल, नेपाल देशको उद्भव भएदेखिकै पुण्यभूमि, यस दिव्यभूमि पवित्र पाशुपत क्षेत्रलाई सफा, स्वच्छ, स्निग्ध, शान्त, सुरक्षित एवम् सम्पदामैत्री बनाउनु हामी सबैको कर्तव्य हो।

जय श्रीपशुपतिनाथ

पशुपति क्षेत्र विकास कोष
सञ्चालक परिषद्



नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक

नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
; Dks{M*$&@^()# OlhMnamastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके